नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

अनुसुची १

निर्वाचन अधिकृतको कार्यालय

## नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : मेनरोड, बीरगंज, पर्सा

प्रधान कार्यालय : कमलादी, काठमाण्डौं

## "क" समूहका संस्थापक शेयरवालाहरुबाट हुने संचालक संख्या ४ को निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना

यस नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको "क" समूहका शेयरवालाको प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालक निर्वाचनको प्रयोजनका लागि नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड संचालक निर्वाचन निर्देशिका, २०६१ को दफा ५ को अनुसार निम्न बमोजिम निर्वाचन कार्यक्रम सूचना प्रकाशित गरिएको छ ।

| क.सं | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०७८/१२/१३ | बिहान ११:०० बजे | ने.ला.इ.कं.लि. प्रधान कार्यालय, काठमाडौं |
| २. | मतदाता नामावली उपर दावी विरोध | २०७८/१२/१३ | बिहान ११.३० बजे देखि दिउसो १२.३० बजे सम्म | ऐ.ऐ. |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २०७८/१२/१३ | अपरान्ह १:०० बजे | ऐ.ऐ. |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७८/१२/१३ | २:०० देखि ४:०० सम्म | ऐ.ऐ. |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०७८/१२/१३ | ४:३० बजे | ऐ.ऐ. |
| ६. | उम्मेदवारको नाम उपर दावी विरोधमा उजुरी दिने | २०७८/१२/१४ | ११:०० देखि १२:०० सम्म | ऐ.ऐ. |
| ७. | उम्मेदवारको नाम फिर्ता लिने | २०७८/१२/१४ | १२:३० देखि २:३० सम्म | ऐ.ऐ. |
| ८. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७८/१२/१४ | ३:०० बजे | ऐ.ऐ. |
| ९. | मतदान | २०७८/१२/२१ | साधारण सभामा जानकारी गराईने । | ऐ.ऐ. |
| १०. | मतगणना | २०७८/१२/२१ | मतदान समाप्त भएपछि | होटल भिष्वा, बीरगंज |
| ११. | निर्वाचन परिणामको घोषणा | २०७८/१२/२१ | मतगणना समाप्त भएपछि | होटल भिष्वा, बीरगंज |

द्रष्टव्य :

१. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरवालाले कम्तिमा कम्पनीको १०० कित्ता शेयर लिएको हुनु पर्दछ ।

२. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरवालाले निर्वाचन कार्यक्रम अनुसार कम्पनीको प्रधान कार्यालयमा एकजना संस्थापक शेयरवाला प्रस्तावक र अर्को एकजना संस्थापक शेयरवाला समर्थक सहित तोकिएको ढाँचा बमोजिम उम्मेदवारी दरखास्त दर्ता गर्नुपर्नेछ । उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रम अनुसारको समयावधि सम्ममा आफ्नो नाम फिर्ता लिन तोकिएको ढाँचा बमोजिम दरखास्त दिनु पर्नेछ ।

३. शेयरवालाहरुको मताधिकार निजले लिएको शेयरको अनुपात बमोजिम हुनेछ ।

४. मतदानको अधिकार पाएका शेयरवाला मतदानमा स्वयं उपस्थित हुन नसक्ने भएमा कम्पनीको अन्य शेयरवालालाई प्रतिनिधि मनोनित गर्न सक्नेछ र त्यसरी मनोनित भएको प्रतिनिधिले मतदान गर्न पाउनेछ ।

५. सभामा भाग लिने र मतदान गर्ने शेयरवाला एउटै हुनु पर्नेछ ।

६. मतदान तथा मतगणना सम्बन्धी सम्पूर्ण काम कार्यवाही साधारण सभा आयोजना हुने स्थानमा हुनेछ ।

७. निर्वाचन सम्बन्धी काम कुरामा निर्वाचन अधिकृतको निर्णय मान्य हुनेछ ।

८. निर्वाचन सम्बन्धी आवश्यक जानकारी निर्वाचन अधिकृत तथा नेपाल लाइफ इन्स्योरेन्स कं. लि. को प्रधान कार्यालय, कमलादीबाट लिन सकिनेछ ।

९. निर्वाचित उम्मेदवारलाई निर्वाचन अधिकृतबाट प्रमाणपत्र वितरण गरिने छ ।

१०. निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

मिति : २०७८/१२/०७

... ... ... ...
निर्वाचन अधिकृत